बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

*मस्यौदा*

**बागमती प्रदेश सरकार**

**प्रदेश पर्यटन नीति, २०७९**

१. पृष्ठभूमी

नेपाल पर्यटकीय सम्भावनाको दृष्टिले अग्रस्थानमा रहेको मुलुक हो। यहाँका प्राकृतिक सौन्दर्य, जैविक विविधता, बहुजात, बहुभाषा, बहुधर्म, सामाजिक विविधता एवं सांस्कृतिक सम्पदा नै पर्यटकीय सम्भावनाका आधार हुन्।

विश्वको सर्वोच्च शिखर सगरमाथा (८,८४८ मिटर) मात्र होइन, विश्वका ८ हजार मिटरभन्दा माथिका १४ वटा हिमशिखरहरूमध्ये ८ वटा त नेपालमै छन्। त्यस्तै ७ हजार मिटरभन्दा माथिका मात्र ९० वटा हिमशिखरहरू नेपालमै पर्छन्।

नेपाल धेरै लामो समयदेखि एक बहु– साँस्कृतिक, बहु– भाषिक, बहु– धार्मिक तथा बहु– जातीय देशको रूपमा विश्वसामु परिचित छ। सांस्कृतिक पर्यटन यहाँको महत्वपूर्ण पक्षको रुपमा रहि आएको छ।

नेपालमा प्रथम पञ्चवर्षीय योजना अवधि (सन् १९५६-१९६०) बाट नै पर्यटन विकासमा ध्यान दिन सुरू गरिएको हो। सन् १९७० को दशकका वर्षहरूमा यसलाई अझ बढी ध्यान दिई सन् १९७२ मा प्रथम पटक 'पर्यटन विकास गुरूयोजना÷ को घोषणा गरियो। यसै अवधिमा विभिन्न सङ्घसंस्थाहरू पनि गठन भए। सन् १९९५ अर्थात् वि.सं. २०५२ मा प्रथम पर्यटन नीति तर्जुमा गरियो। पर्यटन नीति मार्फत् देशको पर्यटन विकासमा महत्वपूर्ण योगदानकर्ताका रूपमा नेपालको निजी क्षेत्रलाई मान्यता दिइयो। त्यसबाट विभिन्न निजी व्यावसायिक सङ्घसंस्थाहरूलाई विभिन्न पर्यटकीय स्थलहरूमा रहेर विविध प्रकारका सेवा तथा सुविधा प्रदान गर्न मार्गप्रशस्त भयो। पर्यटन मार्फत् देशलाई कसरी बढीभन्दा बढी फाइदा पुर्याउने भन्ने उद्देश्यका साथ धेरै अध्ययनहरू पनि हुँदै गए।

संघीय राजधानी समेत रहेको बागमती प्रदेश पर्यटनको दृष्टिले समग्र नेपाल जत्तिकै सम्पन्न रहेकोछ। यो प्रदेश प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, साहसिक लगायत सबै हिसाबले नेपालको अग्रणी पर्यटन क्षेत्र हो ।यस प्रदेशमा पर्यटनको विकास गर्न सके देशका अन्य प्रदेशहरु समेत आकर्षित हुने र देशभिरमा पर्यटनको विकासको लहर आउन सक्ने सम्भावना छ।

बागमती प्रदेशमा पर्यटन विकासको लागि उपयुक्त नीति र कार्यक्रम बनाई कार्यान्वयनमा ल्याउन सके यस प्रदेशमा रोजगारीका अवसरहरु सिर्जना हुने, आय आर्जनमा बृद्धि हुने र देशको समग्र उन्नतिमा सफलता हासिल हुन सक्छ।

२. बागमती प्रदेशमा पर्यटनको सम्भावना

यो प्रदेश प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, साहसिक लगायत सबै हिसाबले नेपालको अग्रणी पर्यटन क्षेत्र हो। विदेशी पर्यटकका लागि प्रवेशद्वारका रुपमा रहेको यो प्रदेश नेपाली कला संस्कृतिको परिचायक पनि हो । यस प्रदेशका निम्ति पर्यटन क्षेत्र आय पुँजी निर्माण रोजगारी विदेशी मुद्रा संचिति र पूर्वाधार निर्माण लगायत सबै दृष्टिले प्रदेश अर्थतन्त्रको एक प्रमुख आधार हो।

विश्व सम्पदा सूचीमा सूचिकृत नेपालमा रहेका १० वटा मध्ये ८ वटा सम्पदाहरु (चाँगुनारायण मन्दिर, भक्तपुर दरबार क्षेत्र, स्वयम्भूनाथ स्तुपा, पशुपति मन्दिर क्षेत्र, पाटन दरबार क्षेत्र, हनुमान ढोका दरबार, बौद्धनाथ महाचैत्य र चितवन राष्ट्रिय निकुञ्ज) यस प्रदेशमा रहेका छन्। चितवन राष्ट्रिय निकुञ्ज शिवपुरी राष्ट्रिय निकुञ्ज लाङटाङ राष्ट्रिय निकुञ्ज पर्सा राष्ट्रिय निकुञ्ज (मध्यवर्ती क्षेत्रका केही भाग) र गौरीशंकर संरक्षण क्षेत्र जस्ता पर्यापर्यटनका स्थलहरु यसै प्रदेशमा छन्। यस प्रदेशमा साहसिक पर्यटन अन्तर्गत त्रिशुली सुनकोशी र भोटेकोसी नदी; कायाकिङ्गा लागि त्रिशुली र भोटेकोशी नदी; क्यानोनिङका लागि चितवनको जलबिरे, सुन्दरीजल, ककनी, भुलकुती, सुनकोशी र भोटेकोशी; जंगल सफारीका लागि चितवन राष्ट्रिय निकुञ्ज र शिवपुरी राष्ट्रिय निकुञ्ज; बन्जी जम्पिङका लागि भोटेकोशी; माउन्टेन बाइक टुरका लागि काठमाण्डौ र नगरकोट क्षेत्र; पर्वतारोहणका लागि लाङटाङ गणेश हिमाल तथा रोलवालिङ हिमाल; पारागलाइडिङका लागि काठमाण्डौ वरपरका डाँडाहरु

उपयुक्त छन्। नगरकोट, धुलिखेल जस्ता क्षेत्रहरु रिसोर्ट पर्यटनका लागि प्रसिद्ध छन्। तामाङ सम्पदा पदमार्ग, गणेश हिमाल पदमार्ग लाङटाङ हिमाल पदमार्ग उपत्यका-गोसाइँकुण्ड पदमार्ग, कालिञ्चोक पदमार्ग, नगरकोट-हेलम्बु पदमार्ग, काठमाण्डौ भ्याल्ली पदमार्ग (तार्केश्वर महादेव, मूलखर्क, चिसापानी, नगरकोट, धुलिखेल र नमोबुद्ध) लाङ्टाङ, जुगलहिमाल पदमार्ग जस्ता मनोरम पदमार्गहरु छन् । सांस्कृतिक र जैविक विविधता यस प्रदेशको विशेषता हो। नेपालका दुई विशिष्ठ वन्यजन्तु एकसिंगे गैंडा र बाघको प्रमुख बासस्थान चितवन राष्ट्रिय निकुञ्ज हो। तामाङ र नेवार संस्कृतिको यो प्रदेश विशिष्ठ थलो हो।

बागमती प्रदेशमा अवस्थित काठमाडौं नेपालको राजधानी मात्र होइन एक प्रमुख पर्यटकीय केन्द्र पनि हो। यो व्यापारिक तथा प्रशासकीय केन्द्र हो। यहाँ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रहेकोछ जुन देशकै प्रमुख प्रवेशद्वार पनि हो। उपत्यकाभित्र सजिएको यो सहर हाल देशकै सबैभन्दा धेरै कोठा उपलब्ध हुनेमा पर्दछ। यहाँका तीन प्राचीन सहरहरू काठमाडौं, भक्तपुर र पाटन सांस्कृतिक विविधताले भरिएका छन्। काठमाडौं उपत्यकामा विश्व सम्पदा सूचीमा सूचीकृत सातवटा सम्पदाहरू रहेका छन्। यहाँ सबैभन्दा धेरै पर्यटकको ओहरदोहर हुने भएकाले पर्यटकीय पूर्वाधारहरूको उल्लेख्य विकास भएको छ। यस क्षेत्रमा विभिन्न राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, ऐतिहासिक मठ, मन्दिर, दरबार क्षेत्र रहेको छ। कला, भेषभूषा, भाषा, संस्कृतिका हिसाबले मध्यमाञ्चल क्षेत्र निकै सम्पन्न छ। हिन्दू धर्मावलम्बीहरूको प्रसिद्ध तीर्थस्थल पशुपतिनाथ र बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र बौद्धनाथ र स्वयम्भू चैत्य यहीं अवस्थित छ।

नेपालको प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल बारा जिल्लाको निजगढ जाने द्रुतमार्ग पनि निकट भविष्यमा यही क्षेत्रमा निर्माण हुँदैछ। यही क्षेत्रबाट भारत–नेपाल–चीन व्यापारको सहज मार्ग भएकाले व्यापार पर्यटनको पनि प्रचुर सम्भावनासहित यहाँ पर्यटन विकासको अपार सम्भावना छ। पर्यटन विकास क्षेत्रको यो योजनाले पर्यटनका सेवा सुविधाहरूको विकास, बिस्तार र विविधीकरणका माध्यमबाट धेरैभन्दा धेरै पर्यटकहरूलाई यो क्षेत्रमा आकर्षित गर्ने र उनीहरूको बसाइ लम्ब्याउने उद्देश्य राखेको छ। पशुपतिनाथ, दोलखा भीमसेन लगायतका धार्मिक सम्पदाहरूमा भारतीय पर्यटकहरूको आगमनमा वृद्धि गर्न, गौरीशङ्कर हिमाल, गणेश हिमाल, लाङटाङ लगायतका हिमाली भेगहरूमा र चितवन, शिवपुरी– नागार्जुन, लाङटाङजस्ता संरक्षित क्षेत्रहरूमा भ्रमणका लागि पर्यटकहरूलाई प्रोत्साहन गर्न यो योजनाले जोड दिन्छ । यहाँ हुने विभिन्न गतिविधिहरूलाई स्थानीय समुदायको आय वृद्धि हुने गरी कार्यान्वयन गर्नुपर्छ ।

## ३. पर्यटन क्षेत्रको विकासका लागि विगतमा भएका प्रयासहरु

नेपालको संविधानको धारा ५१ को (ठ) मा पर्यटन नीति सम्बन्धी व्यवस्था छ। जस अनुसार राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने भनिएको छ। संविधानको अनुसूची ५ मा पर्यटन नीतिलाई संघको एकल सूचीमा समावेश गरिएकोछ भने अनुसूची-९ मा पर्यटन शुल्कको विषयलाई संघ प्रदेश र स्थानीय तहको साझा सूचीमा राखिएको छ।

नेपालको संविधान अनुसार २०७४ मा भएको प्रदेश सभाको निर्वाचनपछि बनेको सरकारले २०७६ सालमा बागमती प्रदेशको पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६।७७-२०८०।८१) कार्यान्वयनमा ल्याएको छ। उक्त योजनामा अन्य क्षेत्रका अतिरिक्त पर्यटन विकासका सम्बन्धमा पनि नीति, रणनीति र कार्यक्रमहरु समावेश गरिएका छन् ।

प्रदेशस्तरीय पर्यटन विकासको नीति, कानुन, मापदण्ड, योजना, नियमन, पर्यटन व्यवसायको व्यवस्थापन, प्रादेशिक पर्यटनको प्रबर्द्धन र पर्यटकीय वस्तु तथा पूर्वाधारको पहिचान, विकास र प्रवर्द्धन आदि सम्बद्ध विषयहरु प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने देखिन्छ ।

## ४. समस्या, समस्याका कारण, चुनौती र सम्भावना

### ४.१ बागमती प्रदेशमा पर्यटन क्षेत्रका समस्याहरु

विगत पाँच वर्षमा बागमती प्रदेशमा पर्यटन विकास तथा प्रबर्द्धनका क्षेत्रमा केही राम्रा प्रयासहरु भए तापनि ती प्रयासहरु पर्याप्त हुन नसकेको देखिन्छ। प्रदेशमा पर्यटनको विकासमा अझै पनि अनेकौं समस्याहरु रहेका छन्। ती मध्ये केही मुख्य समस्याहरुलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ -

(क) पर्यटन वस्तु तथा गन्तव्यमा विविधिकरण हुन नसक्नु,

(ख) गुणस्तरीय पर्यटक आकर्षण गर्ने वस्तु सेवा र जनशक्तिको यथेष्ट विकास नहुनु,

(ग) पर्यटन पूर्वाधार गुणस्तरीय नहुनु

(घ) पर्यटन पूर्वाधारमा सार्वजनिक लगानी कम हुनु

(ङ) अन्तर्राष्ट्रिय बजारमा पर्यटन प्रबर्द्धन हुन नसक्नु, आदि।

## ४.२ बागमती प्रदेशमा पर्यटन क्षेत्रका समस्याका कारणहरु

माथि उल्लेख भएका समस्या सिर्जना हुनुमा विभिन्न कारणहरु जिम्मेवार रहेको पाइन्छ। बागमती प्रदेशमा पर्यटन प्रबर्द्धन हुन नसक्नुका केही मुख्य कारणहरुलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ -

(क) पर्यटन विकास सम्बन्धमा प्रदेशस्तरीय दीर्घकालिन नीति र कानून बन्न नसक्नु,

(ख) पर्यटन विकासको स्पस्ट खाका बन्न नसक्नु,

(ग) प्रदेश अन्तर्गत नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र विकास गर्न नसक्नु,

(घ) प्रदेशमा गुणस्तरीय पर्यटन प्रबर्द्धन गर्न नसक्नु,

(ङ) तहगत र क्षेत्रगत समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन नसक्नु,

(च) सांस्कृतिक रुपमा प्रदेश सम्पन्न भए पनि सांस्कृतिक पर्यटनको समुचित विकास गर्न नसक्नु,

(छ) पर्यटन पूर्वाधारको उचित विकास र विस्तार गर्न नसक्नु,

(ज) पर्यटकीय सेवालाई गुणस्तरीय र विश्वसनीय बनाउन नसक्नु,

(झ) पर्यटनको माध्यमबाट प्रदेश अन्तर्गतका ग्रामीण क्षेत्रमा पर्याप्त रोजगारी सिर्जना तथा आय आर्जन बृद्धि गर्न नसक्नु, आदि ।

## ४.३ चुनौती

बागमती प्रदेश पर्यटकीय दृष्टिले प्रशस्त सम्भावना भएको प्रदेश हो। प्रदेशको प्रथम आवधिक योजनाले प्रदेश पर्यटकीय विकासका लागि केही ठोस् नीतिगत विषयहरु समावेश गरेको पनि छ। आवधिक योजना र यस दीर्घकालिन नीति कार्यान्वयनका अगाडि विभिन् प्रकृतिका चुनौतीहरु विद्यमान रहेको देखिन्छ। ती केही चुनौतीहरुलाई तल उल्लेख गरिएको छ।

(क) नयाँ नीति तथा कानूनको निर्माण गरी उचित किसिमले कार्यान्वयनमा ल्याउनु चुनौतीपूर्ण देखिन्छ।

(ख) प्रदेशमा राजनीतिक अस्थिरताको संकेत देखिइसकेको हुँदा बनेका नीति तथा कानूनको कार्यान्वयन गर्न चुनौती आउन सक्ने देखिन्छ।

(ग) प्रशासनिक नेतृत्वको स्थायित्व अर्को जटिल चुनौतीको रुपमा रहेकोछ।

(घ) साधनस्रोतको पर्याप्त व्यवस्था गर्नु पनि चुनौतीपूर्ण छ।

(ङ) काठमाण्डौ केन्द्रित पर्यटनलाई आसपासका क्षेत्रमा पनि विस्तार गरी पर्यटकको बसाइ लम्ब्याउनु पनि चुनौतीपूर्ण छ।

(च) प्रदेशभरि पर्यटन गन्तव्यहरुको विविधिकरण र विकास गर्नु पनि सहज छैन।

(छ) काठमाण्डौ लगायत शहरी क्षेत्रको वातावरण स्वच्छ बनाउनु पनि चुनौतीपूर्ण नै छ।

(ज) गुणस्तरयुक्त पर्यटनमार्गको विकास गर्नु, पर्यटन क्षेत्रमा गुणस्तरीय जनशक्ति विकास गर्नु र पर्यटन सेवालाई गुणस्तरीय बनाउनु पनि चुनौतीपूर्ण देखिन्छ।

(झ) पर्यटन गन्तव्यको ब्राण्डिङ गर्दै पर्यटकीय सूचनाको संप्रेषण गर्नु पनि सहज छैन।

(ञ) पर्यटन आयको फराकिलो वितरण गर्नु, यसलाई रोजगारी र ग्रामीण जनताको जीवनस्तर सुधार गर्ने साधनको रुपमा विकास गर्नु पनि सजिलो छैन।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

(ट) सांस्कृतिक सम्पदा र जीवित सांस्कृतिक परम्पराको संरक्षण र प्रवर्धन गर्ने विषय पनि चुनौतीपूर्ण छ।

## ४.४ सम्भावना

विविध समस्या तथा चुनौतीका वाबजूत बागमती प्रदेशमा पर्यटन विकास र सम्बर्द्धन गर्ने सम्बन्धमा पर्याप्त सम्भावनाहरु विद्यमान छन्। जस्तै-

(क) यस प्रदेश विशिष्ट पर्यटन गन्तव्यको रुपमा चिनिएको प्रदेश हो।

(ख) धार्मिक तथा सांस्कृतिक सम्पदाका दृष्टिले सम्पन्न प्रदेश हो।

(ग) यस प्रदेश अन्तर्गत जैविक विविधतायुक्त निकुञ्ज तथा संरक्षण क्षेत्र रहेका छन्।

(घ) हिन्दू र बौद्ध धर्मावलम्बीहरुका लागि प्रसिद्ध तीर्थस्थलहरु रहेका छन्।

(ङ) विश्व सम्पदासूचीमा सूचिकृत ८ सम्पदाको थलो हो बागमती प्रदेश।

(च) यस प्रदेशमा रमणीय तथा महत्वपूर्ण पदमार्गहरु, हिलस्टेशनहरु र र्यााफ्टिङ साइटहरु छन्।

(छ) हिमाल आरोहण र हिमाली दृष्यहरुको अवलोकनका लागि पनि यो प्रदेश प्रसिद्ध छ।

(ज) देशको पुरानो तथा प्रसिद्ध त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल यही प्रदेशमा अवस्थित छ।

(झ) जनसंख्याको दृष्टिले संसारका सबैभन्दा ठूला चीन र भारतका धेरै शहरहरुबाट एक घण्टामै आइपुग्न सकिने अवस्था छ।

(झ) देशको राजधानी रहेको, प्रशस्त तारे होटलहरु, पर्यटक होटलहरु र होम्स्टेहरु रहेको हुनाले यस प्रदेशमा पर्यटन क्षेत्रको विकास गर्न सकिने देखिन्छ ।

## ५. बागमती प्रदेशमा पर्यटन नीतिको आवश्यकता र औचित्यता

(क) संविधानले प्रदेशहरुलाई अधिकारसम्पन्न बनाएको छ। त्यस्ता अधिकारहरुको प्रयोग गर्न नीति र कानूनहरुको निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ। पर्यटन क्षेत्र देशको आर्थिक विकासको एक प्रमुख आधार भएकोले प्रदेश स्तरबाट यसको समुचित विकास गर्नु पर्ने हुन्छ। यसको लागि स्पस्ट दीर्घकालिन दृष्टिकोण, नीति, रणनीति र कार्यक्रमहरुको आवश्यकता पर्दछ। यही आवश्यकताको परिपूर्तिका लागि प्रदेश पर्यटन नीतिको निर्माण गरी कार्यान्वयनमा ल्याउनु परेको हो।

(ख) प्रदेशको प्रथम आवधिक योजनामा पर्यटनलाई एक प्रमुख क्षेत्रको रुपमा प्रस्तुत गरिएकोले यसको कार्यान्वयनलाई स्पस्ट दिशा निर्देश गर्न पर्यटन नीति आवश्यक देखिएको हो।

(ग) प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुमा पर्यटन क्षेत्रको विकास गर्न जोड दिने गरिएको छ। यस्ता नीति तथा कार्यक्रमहरुको कार्यान्वयनलाई स्पस्ट मार्गदर्शन प्रदान गर्न पर्यटन नीतिको आवश्यकता परेको हो।

(घ) बारम्बार सरकारहरु परिवर्तन हुँदा प्राथमिकता र कार्यक्रमहरुमा फरक नपरोस् भनी नीतिगत एकरुपता र निरन्तरताको लागि स्पस्ट मार्ग निर्देशन गर्न पर्यटन नीति आवश्यक छ।

## ६. पर्यटन नीतिको दूरदृष्टि ध्येय र उद्देश्य

### ६.१ दूरदृष्टि (Vision)

पर्यटन आयमा वृद्धि: रोजगारी र समृद्धि

### ६.२ ध्येय/परिलक्ष्य (Mission)

पर्यटन गन्तव्यको पहिचान तथा सेवाको विविधिकरण र विकास गर्ने ।

### ६.३ उद्देश्य (Objectives)

(क) प्रदेशमा नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र विकास गर्नु ।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

(ख) पर्यटकीय सेवा तथा वस्तुको विकास, विस्तार र विविधिकरण गर्दै रोजगारी र आय आर्जनको भरपर्दो र दिगो स्रोत बनाउनु।

(ग) प्रदेशमा पर्यटकीय पूर्वाधारको गुणस्तरीय विकास र विस्तार गर्नु।

## ६.४ रणनीति तथा कार्य नीतिहरु

उपर्युक्त उद्देश्यहरु हासिल गर्न देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ -

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेश पर्यटन विकासको स्पस्ट खाका तयार गर्ने। | (क) प्रादेशिक पर्यटन गुरुयोजना । रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस्ता गुरु योजना । रणनीतिक योजना आवश्यकता अनुसार स्थानगत र विषयक्षेत्रगत रुपमा फरक फरक समेत हुन सक्नेछन् ।<br>(ख) प्राकृतिक, सांस्कृतिक, पर्यापर्यटन लगायतको छुट्टा छुट्टै अध्ययन गरी ती क्षेत्रको विकासमा अन्तरसम्बन्ध स्थापित गर्ने व्यवस्था गरिनेछ।<br>(ग) पर्यटन नीति र आवधिक योजनामा अंगीकार गरिएका नीति तथा कार्यक्रमसँग तादात्म्य हुने गरी वार्षिक बजेटमा विनियोजन गर्ने व्यवस्था सुनिश्चित गरिनेछ।<br>(घ) प्रदेश पर्यटन ऐन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।<br>(ङ) आन्तरिक पर्यटन प्रबर्द्धन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ। |
| २. प्रदेशमा नयाँ पर्यटन गन्तव्यहरुको पहिचान र विकास गर्ने। | (क) संघीय सरकार, स्थानीय तह र निजीक्षेत्रसँग सहकार्य गरी नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, छनौट र अध्ययन गरी पूर्वाधार विकास गरिनेछ।<br>(ख) महाभारत क्षेत्र र अन्य उपयुक्त स्थानहरुको सम्भाव्यताका आधारमा नयाँ (हिलस्टेशन, रिसोर्ट, पदमार्ग आदि ) गन्तव्यस्थलको पहिचान, विकास र प्रबर्द्धन गरिनेछ।<br>(ग) नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा पर्वतारोहण, पर्यापर्यटन तथा साहसिक पर्यटन क्षेत्रको पहिचान गरी विकास गरिनेछ।<br>(घ) नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा प्रदेशमा कृषि पर्यटन स्वास्थ्य पर्यटन, खेलकूद पर्यटनको अवधारणा सम्बन्धमा अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ।<br>(ङ) मौसमी पर्यटकीय स्थानको पहिचान र विकास गरिनेछ।<br>(च) गणेश हिमालदेखि गौरिशंकर हिमालसम्मको क्षेत्रलाई हिमाली पर्यटन क्षेत्रको रुपमा एकीकृत विकास गरिनेछ।<br>(छ) साहसिक पर्यटन, होम्स्टे, विकट तथा हिमाली क्षेत्रको पदमार्गमा आश्रय तथा आराम घर निर्माण, पदमार्गको स्तरोन्नति तथा नयाँ पदमार्गको पहिचान गर्दै पर्यटनको विकास र विस्तार गरिनेछ।<br>(ज) तामाकोशी, भोटेकोशी, त्रिशुली, नारायणी लगायतका नदीहरुमा जल पर्यटनको विकास गर्न आवश्यक पूर्वाधार र सुविधाको दिगो प्रबन्ध गरिनेछ।<br>(झ) ऐतिहासिक, धार्मिक, साँस्कृतिक, राजनीतिक र सामाजिक महत्वका स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।<br>(ञ) प्रदेशमा "एक जिल्ला एक पर्यटन गाउँ" को नीति अंगीकार गरी त्यसको कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ। |

| | |
|---|---|
| ३. गुणस्तरीय पर्यटनको प्रवर्द्धन गर्ने । | (क) प्रदेशमा गुणस्तरीय पर्यटनको विकास गरी उदाहरणीय बन्न निरन्तर अध्ययन अनुसन्धान र अन्वेषणको माध्यमबाट सुधार गर्ने व्यवस्था गरिनेछ।<br>(ख) स्थापित पर्यटकीय क्षेत्रहरुमा उच्च मूल्यको पर्यटन विस्तारका लागि निजीक्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>(ग) गुणस्तरीय पर्यटन विकासका लागि आवश्यक जनशक्ति र सेवास्तरको विकासमा प्रोत्साहन दिइनेछ।<br>(घ) गुणस्तरीय पर्यटनको विकासका लागि तारे होटलसहितको सुविधा विस्तार र प्रबर्द्धन गर्नमा जोड दिइनेछ।<br>(ङ) प्रदेश अन्तर्गत उच्च शिक्षाको पाठ्यक्रममा पर्यटनसम्बन्धी विषय समावेश गर्न जोड दिइनेछ।<br>(च) पर्यटनमा गुणस्तर कायम राख प्रभावकारी नियमनको व्यवस्था गरिनेछ। |
| ४. तहगत र क्षेत्रगत समन्वय र सहकार्य गर्ने | (क) प्रदेशमा पर्यटन क्षेत्रको विकासका लागि संघीय सरकार, निजी क्षेत्र र छिमेकी प्रदेशहरुसँग संयुक्त रुपमा अध्ययन गरी सहकार्य र सहयोगका क्षेत्र पहिचान गर्ने र कार्यान्वयन गर्ने प्रबन्ध मिलाइनेछ।<br>(ख) पर्यटन क्षेत्रको विकासको लागि संघीय सरकार, स्थानीय तह, निजीक्षेत्र र सामुदायिक संघसंस्थाहरुसँग सहकार्यको स्पस्ट आधार तयार गरिनेछ।<br>(ग) पर्यटन क्षेत्रको विकासका लागि सहकार्य, समन्वय र सहयोग गर्न प्रदेश पर्यटन मन्त्रीको संयोजकत्वमा सम्बन्धित पक्षको समेत सहभागिता रहने गरी एक समितिको निर्माण गरिनेछ।<br>(घ) पर्यटन क्षेत्रको विकासमा सरकारको भूमिका ठूला पूर्वाधार निर्माण र पर्यटन सेवा वा वस्तुको विकास एवं विस्तारमा उत्प्रेरक, सहजकर्ता, समन्वयकर्ता र नियमनकर्ताको रुपमा रहने गरी यस क्षेत्रमा निजीक्षेत्रको भूमिकालाई प्रोत्साहन गरिनेछ। |
| ५.प्रदेशलाई सांस्कृतिक पर्यटनको केन्द्रको रुपमा विकास गर्ने । | (क) प्रदेशका विभिन्न भागमा बसोबास गर्ने विभिन्न जाति र समुदायका बारेमा वैज्ञानिक अध्ययन र अनुसन्धान गरी उनीहरूको इतिहास र संस्कृति प्रकाशमा ल्याउने व्यवस्था गरिनेछ।<br>(ख) सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापनका लागि उपयुक्त उपाय र प्रविधिहरूको पहिचान गर्ने, श्रोत, साधन र जनसहभागिता जुटाउने र तिनीहरूको उचित संरक्षण गरी पर्यटकलाई आकर्षित गरिनेछ।<br>(ग) सांस्कृतिक सम्पदाहरूका माध्यमबाट देशको पर्यटन उद्योगमा टेवा पुर्याई समाजमा रोजगारी र आयआर्जनका अवसरहरू वृद्धि गरिनेछ।<br>(घ) विभिन्न जातिहरूको लोकजीवन बारे सर्वेक्षण र अध्ययन गरी सामुदायिक सांस्कृतिक केन्द्रका रूपमा जीवित लोक संग्रहालयहरू स्थापना गरेर पर्यटकलाई आकर्षित गरिनेछ।<br>(ङ) परम्परागत, मौलिक कला र लोक संगीत, नृत्य, नाट्य, साहित्य, प्रदर्शनकारी लोक कलाहरुको अभिलेखिकरण, संरक्षण र अनुसन्धान गरी पर्यटकीय आकर्षण बढाइने छ।<br>(च) प्रदेशभित्रका लोपोन्मुख तथा सीमान्तकृत जाति तथा समुदायको भाषा, साहित्य, |

| | |
|---|---|
| | लोकोक्तिलाई लिपिबद्ध अभिलेखिकरण, अध्ययन अनुसन्धान, संरक्षण, सम्बर्द्धन एवं बासका लागि सम्बद्ध संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी पर्यटकीय आकर्षण बढाइने छ।<br>(छ) प्रदेशभित्रका पुरातात्विक एवं मौलिक, धार्मिक, साँस्कृतिक लगायतका सम्पदा तथा गुठीहरु र सामुदायिक संस्थाहरुको संरक्षण, सम्बर्धन र अभिलेखिकरण गरिने छ। सरोकारवाला र निजी क्षेत्रको सहकार्यमा जात्रा, पर्व, मेला, महोत्सव लगायतका परम्परा र संस्कृतिमा आधारित कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहन र सहयोग पर्यटकीय आकर्षण बढाइने छ। |
| ६. पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने | (क) प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय लोकमार्ग र प्रादेशिक तथा स्थानीय प्रमुख लोकमार्गहरुलाई सम्भाव्यताको आधारमा पर्यटन कोरिडरको रुपमा विकास गरिने छ।<br>(ख) निजी क्षेत्रलाई पूर्वाधार निर्माणमा सहयोग गरी प्रमुख पर्यटकीय स्थलहरुमा स्तरीय होटलहरुको विकासलाई प्रोत्साहन गरिने छ।<br>(ग) पर्यटन पूर्वाधारको निर्माणमा निजी क्षेत्रसँग सहकार्य गरी निजी क्षेत्रको लगानी बृद्धि गरिने छ।<br>(घ) त्रिभुवन राजमार्गलाई पर्यटन मार्गको रुपमा विकास गरिनेछ। सडकको मर्मत सुधार सरकारले गर्ने र होटल लगायतका सुविधाको विकास र विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ।<br>(ङ) पर्यटनको सम्भाव्यता भएका जिरी, शैलुङ, कालिञ्चोक र महाभारत क्षेत्रका हिलस्टेशनहरुको एकीकृत विकासको लागि सडक लगायतका पूर्वाधारको निर्माण र स्तरीकरणलाई प्राथमिकता दिइने छ।<br>(च) गोसाईंकुण्ड लगायतका स्थानहरुमा केबलकार स्थापना गर्न प्रोत्साहन गरिने छ।<br>(छ) अन्तर्राष्ट्रिय बौद्ध परिपथ र अन्तर्राष्ट्रिय पशुपति परिपथको निर्माण गरिने छ।<br>(ज) दोलखाको जिरीमा मानव निर्मित पर्यटकीय ताल निर्माण गरिनेछ।<br>(झ) लुम्बिनी प्रदेश र गण्डकी प्रदेशसँग समन्वय र साझेदारी गरी देवघाट, मनकामना, बुढीगण्डकी, त्रिवेणीधाम लगायतका तीर्थस्लहरुमा पर्यटकीय पूर्वाधारहरुको विकास गरिने छ।<br>(ञ) पशुपति क्षेत्रको विकास र संरक्षणको लागि पशुपति क्षेत्र विकास कोषसँग सहकार्य गरिने छ।<br>(ट) गोसाइँकुण्ड एकीकृत विकास परियोजना मार्फत रसुवा जिल्लाको प्रमुख तीर्थस्थल गोसाइँकुण्डको समग्र विकास गरिने छ।<br>(ठ) पर्यटकीय पूर्वाधारको विकास, निर्माण र सञ्चालनमा वातावरण संरक्षणको पक्षलाई प्राथमिकता दिई कार्यान्वयन प्रभावकारी बनाइने छ। |
| ७. पर्यटकीय सेवालाई गुणस्तरीय र विश्वसनीय बनाउने । | (क) पर्यटन गन्तव्यको ब्राण्डिङ गर्दै पर्यटकीय वस्तुको प्रबर्द्धनमा आधुनिक सूचना प्रविधिको प्रयोग गरिने छ।<br>(ख) सम्भाव्यता भएका हरेक स्थानीय तहमा गन्तव्य र सुविधा बारे जानकारी दिन पर्यटन सूचना केन्द्र स्थापना गरिने छ।<br>(ग) आन्तरिक पर्यटन प्रबर्द्धन गर्न शहरी क्षेत्रहरुमा विशेष प्रचारप्रसार र सामाजिक |

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| | सञ्जालको प्रयोगलाई व्यापक बनाइनेछ।<br>(घ) संघीय सरकारसँगको सहकार्यमा भारतका प्रमुख शहरहरुमा हवाइ र बस सेवा सञ्चालन गरिनेछ।<br>(ङ) काठमाण्डौ केन्द्रित पर्यटनलाई अन्य क्षेत्रमा विस्तार गर्न काठमाण्डौ आसपासमा पर्यटन गन्तव्यको विकास गरी सहज पहुँच मार्गको विकास गरिनेछ।<br>(च) पर्यटनमैत्री व्यबहार प्रवर्द्धनका लागि क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>(छ) स्थानीय तहसँगको सहकार्यमा प्रदेशभरिका पर्यटकीय गन्तव्यहरुमा खानेपानी, शौचालय, सरसफाइ, ढल व्यवस्थापन, साइकल लेन, निशुल्क इन्टर्नेट लगायतको सुविधा उपलब्ध गराइनेछ।<br>(ज) पर्यटकको सुरक्षा र सुविधाको लागि उपयुक्त व्यवस्था गरिनेछ। |
| ८. ग्रामीण क्षेत्र र समुदायमा रोजगारी सिर्जना र आय आर्जन बढाउने । | (क) ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाइनेछ।<br>(ख) पर्यटन क्षेत्रको लाभलाई ग्रामीण तहसम्म पुर्याउन होमस्टेलाई एक प्रमुख माध्यमको रुपमा विकास गरिनेछ।<br>(ग) जैविक कृषि तथा होमस्टेसहितको कृषि पर्यटनलाई बढावा दिने कार्यक्रम सञ्चालन गरिनेछ।<br>(घ) घरेलु तथा हस्तकलाको प्रवर्द्धन गरी आय आर्जनको लागि बजारीकरणको सुविधा विस्तार गरिनेछ।<br>(ङ) पर्यटकलाई आकर्षण गर्नसक्ने स्थान विशेषका स्थानीय कृषि उत्पादनमा विशेष सहयोग गरी बजारीकरणको सहजीकरण सरकारले गर्ने व्यवस्था मिलाइनेछ।<br>(च) स्थानीय समुदायहरुद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्रीको बिक्री वितरणको लागि बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ।<br>(छ) विकास प्रक्रियामा समेट्न नसकिएका महिला, मधेशी, दलित, आदिवासी जनजाती लगायतका विपन्न समूह समेतमा पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न समावेसी र सहकारीको माध्यमबाट उपयुक्त संरचनाको निर्माण र विकास गरिनेछ।<br>(ज) स्थानीय उत्पादनलाई पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी पर्यटनबाट प्राप्त लाभलाई स्थानीय समुदायसम्म पुर्याउने प्रबन्ध मिलाइनेछ।<br>(झ) महिलाको नेतृत्वमा वा महिला समूहद्वारा सञ्चालन गरिने पर्यटकीय क्रियाकलापहरुलाई विशेष प्रोत्साहन सहितप्रबर्द्धन गरिनेछ।<br>(ञ) ग्रामीण क्षेत्रका पर्यटकस्थलबाट प्राप्त भएको आम्दानीको निश्चित हिस्सा स्थानीय स्तरमा पर्यटन पूर्वाधार, वातावरण संरक्षण लगायत सामाजिक क्षेत्रमा खर्च गर्ने व्यवस्था मिलाइनेछ। |

## ७. नीतिको कार्यान्वयन व्यवस्था

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

पर्यटन बहुक्षेत्रगत विषय भएकोले यसको विकासका लागि विभिन्न विषयक्षेत्रगत (Cross-cutting Sector) निकाय तथा क्षेत्रगत समन्वय र सहयोगको आवश्यकता पर्दछ। यसको लागि संघीय सरकार, स्थानीय तह तथा निजीक्षेत्र र समुदायसँग समन्वय र सहकार्य गर्नु पर्ने हुन्छ । प्रदेश अन्तरगतका विभिन्न मन्त्रालय तथा निकायहरुसँग समन्वय गर्नु पर्ने हुन्छ । छिमेकी प्रदेशहरु र छिमेकी प्रदेशका सीमा जोडिएका पालिकाहरुसँग समेत समन्वय र सहकार्य आवश्यक हुन्छ ।

## ७.१ नीति कार्यान्वयनका लागि आवश्यक संस्थागत व्यवस्था

क. मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश पर्यटन परिषदको गठन गरिने छ।

ख. प्रदेश पर्यटन मन्त्रीको संयोजकत्वमा प्रदेश पर्यटन विकास समन्वय समिति गठन गरिने छ।

ग. प्रदेश पर्यटन बोर्ड स्थापना गरी प्रदेशमा पर्यटन प्रबर्द्धन र यस नीतिको कार्यान्वयनलाई प्रभावकारी बनाइने छ। बोर्डमा निजी क्षेत्रको बहुमत सहभागितामा जोड दिइने छ।

## ७.२ नीति कार्यान्वयनका लागि आवश्यक आर्थिक दायित्व

यस नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट प्रदेश सरकारले वार्षिक रुपमा व्यवस्था गर्नेछ। यसको साथै नेपाल सरकार र निजी क्षेत्र लगायतको सहकार्यमा नीति कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत परिचालन गरिने छ।

## ७.३ नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था

प्रदेश पर्यटन ऐन तथा नियमावलीको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेश पर्यटन बोर्ड ऐन निर्माण गरिने छ।

## ८. नीति कार्यान्वयनका जोखिम

नीति कार्यान्वयनमा नेतृत्व तह प्रतिबद्ध नहुन सक्ने, साधनस्रोतको अभाव हुन सक्ने, संघ सरकारको सहयोग नहुन सक्ने, स्थानीय तहले चासो नदेखाउन सक्ने, प्राथमिकतामा फरक पर्न सक्ने जस्ता जोखिमहरु हुन सक्छन् ।

## ९. नीति समीक्षा, नीति परीक्षण तथा पुनरावलोकन

(क) नीतिलाई गतिशील र निरन्तर सुधारको पद्धति सहित गुणात्मक बनाउन प्रभावकारिताको मूल्यांकन गरी परिमार्जन गर्दै लगिनेछ। नीतिको आवधिक (चौमासिक र अर्धवार्षिक) र वार्षिक समीक्षा पद्धतिमा एकाकार गरिनेछ। यस क्रममा सकारात्मक विषयहरुमा समर्थन गर्दै सच्चिनुपर्ने सवाल तथा विषयहरुमा सच्चिने उपायहरु सुझाउने, सच्चिने अवसर दिने, नीति कार्यान्वयनका सन्दर्भमा श्रम, शीप र श्रोत साधनको उपयोग तथा उपयोगिताका विषयमा पनि लेखाजोख गर्ने कार्य गरिनेछ। नीति कार्यान्वयन गर्दा अपनाउनुपर्ने सावधानी अपनाईएको थियो वा थिएन भनी विश्लेषण समेत गरिने छ।

(ख) नीतिले राखेका दूरदृष्टि, परिलक्ष्य, उद्देश्य परिपूर्तिमा नीति कार्यान्वयन गर्दा के कति सफल रह्यो वा रहेन, नीतिको पूर्ण सफलताको लागि के कस्ता बाधाहरु रहे र के कस्तो रणनीति एवं कार्य नीति अपनाई ती बाधाहरु हटाउने कार्यहरु भए भन्ने सम्वन्धमा विश्लेषण गरिनेछ। नीति कार्यानवयनका क्रममा देखा परेको समस्या र समाधानका उपायहरु, सरकारको प्रतिवद्धता र प्राथमिकता, संस्थागत समन्वय, आदि विषयमा विश्लेषण गरिने छ।

(ग) नीतिमा उल्लेखित प्रमुख उपलव्धीहरु र कमी कमजोरीका विषयमा विश्लेषण गरिनेछ। यसमा नीति कार्यन्वयनका लागि जिम्मेवार निकाय र अन्य संस्थागत व्यवस्था, संरचनागत व्यवस्थाहरु, क्रियाशिलता, सञ्चालन भएका क्रियाकलापहरुका विषयमा विश्लेषण गरिने छ।

(घ) नीति र त्यसका लागि तयार गरी कार्यान्वयन गरिएको आवधिक योजना तथा वार्षिक कार्यक्रम बीचको तादाम्त्यताको विश्लेषण, नीति कार्यान्वयनका विविध पक्षहरु बीचको अन्तरसम्वन्ध र अन्तर समन्वयको

अवस्थाको विश्लेषण गरिनेछ। त्यसैगरी, नीति कार्यान्वयन गर्दा अपनाईएको कार्यक्रम र उपलब्ध भएको श्रोतहरुको लाभ लागतका सम्बन्धमा समेत अध्ययन तथा लेखाजोखा गरिने छ।

(ङ) नीतिको कार्यान्वयन गर्दाको अवस्थामा राज्यको प्राथमिकता र आवश्यकताका आधारमा निरन्तरताको सान्दर्भिकता र भविष्यमा यसको परिमार्जनको आवश्यकता के कति रहन्छ सो सन्दर्भमा समेत विश्लेषण गरिने छ।

(च) नीतिको प्रभावकारिता, दक्षता, उपयुक्ततता, सान्दर्भिकता, पर्याप्तता, र उपलब्धी, प्रभाव तथा असरका आधारमा नीतिको स्वरुप, रणनीति तथा कार्यनीतिको कार्यान्वयनको अवस्था विश्लेषण गरिने छ ।

(छ) नीति कार्यान्वयनमा आएपछि नीतिको नियिमित परीक्षणका लागि एउटा संयन्त्र बनाईने छ। सोही संयन्त्रवाट नियमित परीक्षण हुने व्यवस्था गरिनेछ। अन्तिम परीक्षण भने हरेक ५ वर्षमा गरिने छ।